'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
वर्ष १ अंक : १२० बिहिवार ११ पुष, २०८१ 26 (Thursday) December 2024 पृष्ठ ४, मूल्य रु : १०।-

### मेडिकल कलेजमा निरन्तर आन्दोलन
## सबै सेवा ठप्प हुँदा बिरामीलाई दैनिक सास्ती

भीम रावत
कोहलपुर, पुष/१०




लर्ड बुद्ध एजुकेशनल एकेडेमी लिमिटेडद्धारा सञ्चालित नेपालगञ्ज मेडिकल कलेज शिक्षण अस्पताल कोहलपुर र नेपालगञ्जमा कार्यरत कर्मचारीले विभिन्न माग राखेर निरन्तर आन्दोलन गरिरहेका छन् । विभिन्न ७ बुँदे माग राखेर आन्दोलनमा उत्रिएका कर्मचारीका कारण मेडिकल कलेजको सेवा प्रभावित भएको छ । १५ दिनदेखि चलेको आन्दोलनले मेडिकल कलेजको आपतकालीन सेवाबाहेक सबै सेवा बन्द भएका छन् । ६ महिनाअघि ज्ञापनपत्र मार्फत आफ्ना माग प्रस्तुत गरेका कर्मचारीहरुका मागको कुनै पनि सुनुवाइ नभएपछि आन्दोलनमा उत्रिएको आन्दोलन परिचालन किमिटीका संयोजक रत्ना गिरीले बताइन् । २०८१ असार ४ गते लर्ड बुद्ध एजुकेशनल एकेडेमी कर्मचारी संघका सभापति यमबहादुर खड्का, नेपाल स्वास्थ्य तथा कर्मचारी युनियनका अध्यक्ष अनिता थापा र लर्ड बुद्ध एजुकेशनल एकेडेमी कर्मचारी संगठनका सभापति एवं वार्ता कमिटीका संयोजक रत्ना गिरीले हस्ताक्षर गरेर ७ बुंदे माग प्रस्तुत गरेका थिए । उनीहरुको मागमा तलव तथा भत्ता महँगी अनुरुप परिमार्जन गर्नुपर्ने, दरबन्दी सिर्जना, पदपूर्ति, पदोन्नति, स्थायी र नियुक्ति, अवकाश, उपदान, सामाजिक सुरक्षा कोष, शेयर र कर्मचारी कल्याणकारी कोष, स्वास्थ्य उपचार खर्च एवं सुविधा, हाजिरी र विदा, अध्ययन एवं तालिम, संस्थागत सुधार तथा विविध विषयमा आफ्ना माग अघि सारेका छन् । कर्मचारीअरुले ओपिडि समेत बन्द गरेर निरन्तर आन्दोलन गरिरहे पश्चात मंगलबार जिल्ला प्रशासन कार्यालयमा श्रम कार्यालयका प्रतिनिधि समेतको उपस्थितिमा कलेज व्यवस्थापन पक्ष र आन्दोलनरत कर्मचारी पक्ष बिच वार्ता र सम्वाद भएको थियो । वार्तामा कलेज व्यवस्थापन पक्षले कर्मचारीहरुले उठाएका मागहरु हाल पुरा गर्न नसकिने बताए पछि वार्ता निस्कर्षमा पुग्न सकेन । उता कर्मचारीहरु भने आफ्ना मागको सुनुवाई नभएकाले आन्दोलन निरन्तर हुने बताएका थिए।

*बाँकी ३ पेजमा...*

## बैजनाथमा बिकको नेतृत्वमा नेपाल खेलकूद महासंघ गठन

नमस्ते समचारदाता
कोहलपुर, पुष/१०




नेपाल खेलकूद महासंघ बैजनाथ गाउँपालिको प्रथम भेलाले सुरेन्द्र बिकको अध्यक्षतामा ११ सदस्यीय नेपाल खेलकुद महासंघ पालिका स्तरीय कार्यसमिति चयन गरेको छ। भेला भब्यतााका साथ सम्पन्न भएको छ । भेला महासंघका जिल्ला कमिटी अध्यक्ष होम सुनारको अध्यक्षतामा नेकपा एमाले बैजनाथ गाउँपालिका कार्यालयमा सम्पन्न भएको थियो । नेपाल खेलकूद महासंघ स्थाई कमिटी सदस्य साथै नेपाल खेलकूद महासंघ लुम्बिनी प्रदेश ईन्चार्ज कृष्णा पाठकको प्रमुख आतिथ्यतामा सो भेला सम्पन्न भएको हो। भलामा नेकपा एमाले केन्द्रीय सल्लाहकार परिषद सदस्य तथा पुर्व सिंचाई राज्यमंत्री दलबहादुर सुनारको समेत उपस्थिति रहेको थियो । कार्यक्रममा प्रमुख अतिथि समेत रहेकी पाठकले शारीरिक तथा मानसिक स्वास्थ्यको लागि बच्चादेखि बृद्धाहरुले खेल खेल्न अपरिहार्य रहेको बताइन । पाठकले भनिन्, ' युवाहरुको लागि आफू र देशको नाम बिश्वस्तरमा चिनाउन खेल, खेलाडी तथा खेलसंग संम्वन्धित व्यक्तिहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ । नेपाल खेलकूद महासंघले त्यसको अगुवाई गरिरहेको छ र तपाईहरु पनि अगुवाई गर्न सधै तयारी अवस्थामा रहनु पर्छ ।' नेकपा एमालेले चलाएको मिसन ८४ अभियानलाई सफल पार्नको निम्ति वडादेखि पालिका र जिल्लामा खेलका विधा अनुसारका कमिटी निर्माण गरी खेलकूद प्रतियोगिताहरु गर्दै समग्र खेलडीहरुलाई नेपाल खेलकूद माहासंघमा समाहित गराउँदै लिन पूर्वमन्त्री समेत रहेका दल बहादुर सुनारले आव्हान गरे । कार्यक्रममा नेकपा एमाले जिल्ला कमिटी बाँकेका उप-सचिव किशोर थापा, एमाले जिल्ला कमिटी सदस्य यज्ञ पुन, एमाले बैजनाथ पालिका कमिटी अध्यक्ष मानबहादुर खत्री लगायतका वक्ताहरुद्वारा शुभकामना मन्तव्य राखेका थिए । भेलाबाट नव गठित कमिटीमा ओमबहादुर मगर उपाध्यक्ष, भरत परियार सचिव, सीताराम खत्री उप-सचिव, मनीष सुनार कोषाध्यक्ष रहेका छन् भने सदस्यहरुमा मनिषा कुमारी रेग्मी, सन्जु सुनार ,निराजन थारु तिलक खत्री, सरोज सुनार, हेमराज बिक सर्वसम्मत चयन भएका हुन ।




**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## संक्रमणकालीन न्यायमा विलम्ब नगरौं

संक्रमणकाली न्याय सम्बन्धी मौजुदा कानून अर्थात् बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा गत भदौमा भएको तेस्रो संशोधन लगत्तै गएको कात्तिक २ गते नेपाल सरकारद्वारा सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीश ओमप्रकाश मिश्रको अध्यक्षतामा सो ऐन अनुरूपका दुई आयोगमा अध्यक्ष लगायत पदाधिकारी नियुक्तिका लागि नाम सिफारिस गर्न भनी पाँच सदस्यीय एक सिफारिस समिति गठन गरिएको थियो। कार्यविधि अनुसार दुई महिना मात्र अवधि तोकिएको समिति कार्य सम्पादन गर्दागर्दै कार्याअवधि सकिएका कारण स्वतः विघटन भयो । परिणामतः दुवै आयोग गठन गर्ने मार्ग अवरुद्ध भयो र अझै अन्योंलमै रहेको अवस्था छ। मिश्र नेतृत्वको सिफारिस समितिका पदाधिकारी बिच आयोग अध्यक्ष एवं सदस्यका नाममा किन सहमति जुट्न सकेन त भन्ने सम्बन्धमा सबैका आ–आफ्ना बुझाइ होलान् । यसरी सो समितिले अन्तिम समयमा आएर नाम सिफारिस गर्न नसक्नुका पछाडि अन्तर्य पक्कै केही होला। जो राजनीति सँग जोडिएको हुनु पर्छ। सो प्रक्रियाले आकार ग्रहण गर्न नसक्दा मुलुकमा संक्रमण अरू लम्बिने वा अरू पछि धकेलिने भयो भनी राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा चासो, सरोकार व्यक्त गरिनु अस्वाभाविक होइन। क्रमणकालीन न्यायसम्बन्धी विषय नयाँ मात्र नभई यो एक जटिल प्राविधिक एवं संवेदनशील विषय पनि हो । द्वन्द्वकालमा भएका घटना वा ज्यादती सम्बन्धी सत्यको खोजी वा उत्खनन् गरी सोको यथार्थ उजागर गरेर अभिलेखीकरण गर्ने, बेपत्ता पारिएका व्यक्तिको स्थिति सार्वजनिक गर्ने, द्वन्द्वपीडितलाई राहतसहित न्याय प्रदान गर्ने, पीडक एवं राज्यका तर्फबाट पीडितलाई यथोचित आर्थिक सहयोग पुर्‍याई पीडकलाई पीडितबाट क्षमादान गर्न लगाउने, घटना पुनः दोहोरिन नदिने सुनिश्चितता गर्ने, राष्ट्रिय मेलमिलापको वातावरण सिर्जना गर्नेलगायत महत्वपूर्ण कार्य संक्रमणकालीन न्यायका मूल्य–मान्यता अन्तर्गत पर्ने विषय हुन् । जुन कुरा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग एवं सत्य निरुपण तथा मेलमिलाप आयोगका कार्यक्षेत्रभित्र पर्ने विषय हुन् । संक्रमणकालीन न्यायको मुख्य सार भनेको पुनर्स्थापकीय न्याय पनि हो।

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरू संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरूले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरू / सिट

बेसिक कम्प्यूटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट
डिप्लोमा कम्प्यूटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) ३० सिट



तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

# अपरिहार्य नैतिक शिक्षा

रमेशप्रसाद गौतम




शिक्षा क्षेत्रमा सृजित समस्या र विसङ्गतिलाई समाधान गरेर शिक्षण पेसालाई आकर्षक र मर्यादित बनाउन सकिएको छैन । शिक्षकहरूले पनि आफूसँग भएको ज्ञान, सिप र अनुभवलाई विद्यार्थीमाझ बाँड्न नसकेका गुनासा आइरहेका छन् । आफूले पढाएका हरेक विद्यार्थी राष्ट्रका असल नागरिक होऊन् भन्ने धारणा शिक्षकमा हुनु जरुरी छ ।



रमेशप्रसाद गौतम

हरेक बालकको पाठशाला आफ्नो घर हो । पहिलो शिक्षक आमा र बाबु हुन् । बालकको जीवनको आदर्श आमा बाबु हुन् । बालकले अनुसरण गर्ने भनेको नै घर परिवारका सदस्यले गर्ने व्यवहार, तिनले बोलेका कुरा आनीबानी आदि हुन् । घरका अग्रजले जे जस्तो व्यवहार गरेका हुन्छन्, त्यही व्यवहार बच्चाले सिक्ने हो । विद्यालय जानुअघिका सिक्ने कुरा घरबाटै हुन्छ। बिस्तारै विद्यालय जान थालेपछि केही नौलो अनुभूति गर्न थाल्छ । त्यहाँ उसको व्यवहार निर्माणको स्रोतका रूपमा साथीहरू र शिक्षकहरू थपिन पुग्छन् । बिस्तारै सिक्ने दायरा फराकिलो बन्दै जान्छ । त्यहाँ उसले आफूलाई मनपर्ने साथी रोज्न थाल्छ, आफूलाई राम्रोसँग पढाउन सिकाउने शिक्षकशिक्षिकाप्रति आकर्षित हुँदै जान्छ । अनि तीमध्येकालाई नमुनाको रूपमा लिन्छ र उनीहरूले भनेका कुरा उसका लागि अकाट्य बन्दै जान्छ । बालबालिकालाई आफ्नो घर र स्कुलका साथै छिमेकी, वरपरको वातावरण, विभिन्न मिडिया र आफूले पढ्ने शैक्षिक सामग्री आदिको अध्ययन गर्दै जाँदा उसले सिक्ने र नक्कल गर्ने बानी पनि बढ्दै जाने हुन्छ । बालबालिकाले आफ्नो परिवेशमा देखेका राम्रा नराम्रा जे जति पनि विषयवस्तु छन् तिनलाई उनीहरूले आफ्नो व्यवहारमा उतार्ने प्रयत्न गर्छ । यो अवस्थासम्म पनि ती बालबालिका के ठिक र के बेठिक राम्रोसँग छुट्याउन सक्ने क्षमता विकास भइसकेको हुँदैन । यो अवस्थामा तिनलाई उचित सल्लाह र परामर्शको खाँचो पर्छ। तिनलाई समयमै राम्रो मार्ग दर्शन दिन सकिएन भने तिनको व्यवहारमा नकारात्मक सोचको विकास पनि हुन सक्छ । शिक्षालाई चेतनाको माध्यम मानेर पढाएर वा घोकाएर मात्र नैतिकवान् वा चरित्रवान् बनाउन सकिँदैन । यदि घरपरिवार, विद्यालय र समाज नैतिकवान् भए भने बालक पनि चरित्रवान् र नैतिकवान् बन्न सक्छ । हरेक बालकले आफ्ना अग्रज र नजिकका आफन्तबाट राम्रा र नराम्रा कुरा सिक्ने हुन् । हुन त शिक्षा प्रणालीले ज्ञान र प्राविधिक सिप हासिल गर्ने कुरामा जोड दिन्छ । परिणामतः बालबालिकाले आफ्नो जीवनका उर्वर समय यसैका लागि बिताउँछ । त्यसतर्फ मात्र बालबालिकाले आफू समर्थ हुँदै जाँदा भोग्नुपर्ने दुनियाँमा प्रवेश गर्छन् र त्यहाँ आफ्नो प्रविधि र विचार भएका अनेक व्यक्तिसँग प्रतिस्पर्धा गर्दै अगाडि बढ्दै जानुपर्ने हुन्छ। समयमा सिक्नुपर्ने कुरा सिकाएका छैनन् भने भविष्य निराशाजनक बन्न पुग्छ । शिक्षाकै कारण हरेक बालबालिकाले आफ्नो विवेक प्रयोग गरी सिप सिक्ने र सृजनशीलतातर्फ उन्मुख हुने हुन्छन् । अनि तिनका कार्य र कारणमा आधारित भई दैनिक जीवनका व्यावहारिक र सैद्धान्तिक क्रियाकलापलाई विश्लेषण गर्न सक्ने क्षमता विकास हुन्छ। बिनासिकाइ भने केही गर्न सक्दैनन्। यदि बालबालिकामा सिक्ने इच्छा शक्ति नै छैन भने कसरी सिक्छ्न ? सिकाइबिनाको शिक्षा कुनै अर्थ हुँदैन । विद्यालयमा पठनपाठन गरिने विषयवस्तु सिक्न बालबालिका इच्छुक हुनु पर्‍यो । अर्कातर्फ शिक्षकमा बालबालिकाको मनोसामाजिक रुचि अनुसार सिकाउने नयाँ नयाँ प्रविधि र विधिको प्रयोग गर्न सक्ने क्षमता हुनु पर्यो अनि मात्र बालबालिकाको रुचि र आवश्यकता अनुसारको सिकाइ हुन सक्छ । आजको समाज अत्यन्त जटिल बन्दै गएको छ। यहाँ प्रतिसेकेन्ड ज्ञानको विस्फोट भइरहेको छ । यस्तो परिस्थितिमा सिकाइको तौरतरिका हिजोको जस्तो हुनुभएन। हरेक विषयमा सोचाइ, गराइ, बुझाइको तरिका फरक हुँदै आएको छ। प्राचीन ग्रिक सभ्यताका शिक्षक र दार्शनिकले वाक् कलालाई सम्पत्ति जुटाउने कलाका रूपमा लिएका थिए भने अहिले वक्तृत्व कला भन्ने चलन छ। सन् १७०० सम्म पनि यो कला शिक्षा पद्धतिको ठुलो आधार मानिन्थ्यो । पश्चिम युरोपभर १२ वर्ष उमेरदेखि विद्यार्थीलाई तर्कशास्त्र सामाजिक व्यवहार, आलोचनात्मक चिन्तन र वाक्कला जस्ता जीवनोपयोगी सिपहरू १४ तहको पाठ्यक्रममार्फत सिकाइन्थ्यो । त्यतिबेला पनि परी कथा र लघुकथाको सस्वर वाचन र त्यसपछिको छलफलबाट पढाइको अभ्यास सुरु हुन्थ्यो। कुनै विषयवस्तुको पक्ष विपक्षमा सामान्य विचार प्रकट गराइन्थ्यो । कुनै विषयमा लामो बहसहरू पनि सिकाइन्थ्यो । आधुनिक शिक्षा प्रणालीको आधार भने १७ र १८ औँ शताब्दीको औद्योगिक क्रान्तिपछिको हो। यस शिक्षा प्रणालीले ज्ञान र प्रविधि सिप हासिल गर्नुलाई बढी महत्व दिँदै आयो । करिब दुई हजार वर्षदेखिको वाक् कलाको प्रचलन नै हामीलाई कुराकानी गर्न तर्क गर्न झगडा गर्न र सहमतिमा पुग्न सिकाएको कुरा जोन बोबीले बताएका छन् । नेपालको सन्दर्भमा भन्नु पर्दा हाम्रो विद्यालय शिक्षा प्रश्नको घेरा भित्र छ। विसं १९१० मा दरबार स्कुलको स्थापनासँगै औपचारिक शिक्षा सुरुवात जहानियाँ राणाशासनकालमा जङ्गबहादुर बाट सुरुवात भएको थियो। त्यहाँ केवल राणा परिवारका सन्तान र भारदारका बालबालिकाले पढ्न पाउने व्यवस्था थियो। सर्वसाधारण त्यहाँ पढ्न पाउँदैन थिए । २००७ सालको क्रान्तिपछि शिक्षाको लहर बढ्दै आयो । देशका कुनाकाप्चासम्म विद्यालय क्रमशः खुल्दै आए। २०१५ सालपछि बिपी कोइराला नेतृत्वको सरकारले शिक्षा विस्तारमा तिब्र गति दियो। तत्कालीन राजा महेन्द्रले प्रजातान्त्रिक सरकारलाई विघटन गरेपछि २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागु भयो । यसबिचमा पनि शिक्षा सुधारका नाममा अनेक आयोग र समितिमार्फत सुझाव लिने क्रमले निरन्तरता पाइरह्यो । २०४६ सालको जनआन्दोलनपछि प्रजातान्त्रिक सरकारको स्थापना भयो। यो सरकारले पनि शिक्षा सुधारका लागि राष्ट्रिय शिक्षा सुझाव आयोग गठन गरी शिक्षामा सुधारका फड्को मार्दै आयो । यसैबिच माओवादी हिंसात्मक विद्रोहले विकासमा प्रतिकूल प्रभाव पार्दै आयो । उक्त विद्रोह २०६३ सालमा अन्त्य भई शान्ति मार्ग अवलम्बनपछि शैक्षिक सुधारका लागि अनेकन सुझाव आयोग गठन भए। तदनुरूपका प्रतिवेदन, ऐन, नीति बने तथा त्यहाँ सुधार र संशोधनका काम पनि भए तर शिक्षामा व्यावहारिक सुधार भने हुन सकेन । अझै थुप्रै गुनासा र असन्तुष्टि चुलिँदै छन् । सङ्घीयता अनुकूलको शिक्षा ऐन अझै बन्न सकेनन् । शिक्षा क्षेत्रमा सिर्जित समस्या र विसङ्गतिलाई समाधान गरेर शिक्षण पेसालाई आकर्षक र मर्यादित बनाउन सकिरहेको छैन । शिक्षकहरू पनि आफूसँग भएको ज्ञान, सिप र अनुभवलाई विद्यार्थीमाझ बाँड्न नसकेका गुनासा आइरहेका छन् । आफूले पढाएका हरेक विद्यार्थी राष्ट्रका असल नागरिक होऊन् भन्ने धारणा शिक्षकमा हुनु जरुरी छ । शिक्षकले आफ्नो पेसाको गर्व गर्न जान्नु पर्छ । उसले जीवनमा पठन पाठनबाहेक अरू कामको अल्झोमा अलझिनु हुँदैन । अहिले कतिपयले एउटा पेसामा लाग्ने अर्को क्षेत्रमा दौडने र आफ्नो पेसाको मर्यादा नराख्ने खालका पनि छन् । शिक्षकले विद्यालयमा विद्यार्थीलाई पढाउने, गृहकार्य गराउने, गृहकार्य परीक्षण गर्ने, भविष्यको बाटो देखाउने आदि काममा आफूलाई व्यस्त गराउने हुनु पर्छ । पाठ्य पुस्तकमा मात्र सीमित नरही नयाँ नयाँ विषयको जानकारीका लागि नयाँ नयाँ पुस्तक खोजी गरी पढ्ने बानी बसाल्नु जरुरी छ । विषय अनुसारका सिर्जनशीलता विकास गराइनु पर्छ। कक्षा कोठामा विद्यार्थीले नबुझेका कुरा बुझाउने दायित्व शिक्षकको नै हुन्छ । कक्षाकोठामा देखा परेका समस्या सुल्झाउने काम विद्यार्थीलाई सम्झाइबुझाइ सही बाटोमा ल्याई कक्षा कोठालाई स्वस्थ र रमाइलो बनाउनु पर्छ । हुन त हाम्रा विद्यालयले विद्यार्थीलाई सिकाउने नयाँ सोच विचार दिई तिनलाई समुचित वातावरण दिनुभन्दा नियन्त्रण र औपचारिकतामा ढाल्ने काममा मात्र बल गरेका देखिन्छ। राम्रो भनी नाम कमाएका विद्यालयसमेत अनुशासित र नियन्त्रित वातावरण राखी अङ्ग्रेजी भाषामा थोर बहुत बोल्न सिकाएर अभिभावकबाट रकम असुल्न खप्पिस देखिँदै आएका छन्। अर्कातर्फ अभिभावक पनि आफ्ना बालबालिका अनुशासित र अङ्ग्रेजी सिकाउने विद्यालयका नाममा जति पनि शुल्क तिर्न तयार छन । यस्ता कतिपय निजी विद्यालयले मजाले अभिभावकबाट थुप्रै शुल्क असुल्न पछाडि परिरहेका छैनन् ।

*–गोरखापत्र*

## गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं।
८. सभ्य समाजको निर्माणमा सहयोग पुर्‍याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

चंखेली गाउँपालिका
हुम्ला

# नक्कली मह बेच्ने माथि मुद्दा

नमस्ते समचारदाता

धनगढी, पुष/१०



खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय धनगढीले दूषित मह बेच्ने १६ जनाविरुद्ध मुद्दा दर्ता गरेको छ । मुद्दा दर्ता भएकाहरू राधे धामी समेत गरी १५ जना र एक जना टीकापुर नगरपालिका -१ गरी १६ जना छन् । २०८१ मंसीर १६ नक्कली मह बिक्री गरेको भन्ने सूचनाका आधारमा प्रहरीले टीकापुर नगरपालिका-१, बसपार्कस्थित आँधीखोला होटेल र न्यु मङ्गलासैनी होटेलबाट ९४७ किलोग्राम मह र घारसहित १६ जनालाई पक्राउ गरेको थियो । मह विक्रेताले मरेका मौरी, मौरीको घार र मह अलग अलग भाँडामा राखेको अवस्थामा फेला परेका थिए । मरेका मौरी र सुकेको घार अलग अलग बाल्टीमा र मह प्लास्टिकका झोलामा राखेका थिए । उनीहरूले बिक्री गर्न लैजाँदा मह, महको घार र मरेका मौरी एउटै भाँडोमा मिसाएर बेच्ने गरेका थिए । खाद्य अनुसन्धान अधिकृत सुमन लामिछानेको अनुसार बरामद गरिएको महको विश्लेषण प्रतिवेदन नेपाल सरकारद्वारा महका लागि तोकिएको अनिवार्य गुणस्तर अनुरूप नपाइएको र त्यसमा पनि फ्रुकटोज ग्लुकोज अनुपात तोकिएको अनिवार्य गुणस्तरभन्दा कम, पानीमा नघुल्ने ठोस पदार्थ तोकिएको अनिवार्य गुणस्तरभन्दा बढी र हाइड्रोक्सी मिथाइल फरफुरल (एचएमएफ) तोकिएको अनिवार्य गुणस्तरभन्दा बढी भएकाले त्यो मह नक्कली (दुषित) प्रमाणित भएको हो । मह विक्रेतालाई खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ अनुसार दूषित खाद्य पदार्थ उत्पादन तथा बिक्री वितरण गरेको कसुरको मुद्दा पुस ५ गते जिल्ला अदालत कैलालीमा दायर गरिएको अनुसन्धान अधिकारी लामिछानेले बताए । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, धनगढी कैलालीकी खाद्य निरीक्षण अधिकारी सिर्जना चौधरीले सो महको नमुना सङ्कलन गरी अनुसन्धान गर्दा दूषित खाद्य पदार्थ प्रमाणित भएकाले मुद्दा दायर गरिए बताएकी हुन । दुषित पदार्थ बिक्रीबापत एक वर्ष जेल वा रु ४ लाख जरिबाना वा दुवै सजाय हुने कानुनी व्यवस्था रहेको छ । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय धनगढीले यस आर्थिक वर्षमा दुई वटा दूषित महसम्बन्धी, दुई वटा लेबल विवरण नराखेका, अनुमति नलिएका चाउमिन, किसमिस, डेरी र एउटा गुणस्तर हीन ह्विस्की सम्बन्धी मुद्दा दर्ता गरेको छ ।

# बाँकेको बेतहनीमा लाखौंको लूटपाट प्रहरीद्वारा अप्रेशन शुरु

नमस्ते समचारदाता

बाँके, पुष/१०




बाँकेको सीमावर्ती भेग बेतहनीमा २५ जना डाँकाको एक समूहले एउटा घरमा लूटपाट गरेका छन् । जिल्लाको डुडुवा गाउँपालिका-२ बेतहनी स्थित सन्तोष सोनीको घरमा मंगलबार राती अन्दाजी ११ बजे डाँकाको समूहले लाखौं रुपैयाँ बराबरको धनमाल लुटेका छन् । हातहतियार सहित आएको २५ जना जतिको डाँकाको समूहले सोनीको घरबाट अन्दाजी ३० लाख रुपैयाँ बराबरको धनमाल लुटेर लगेको पीडितले बताएका छन् । घरको पछाडिबाट भित्र छिर्दै घरमा भएका पुरुषको हातखुट्टा बाँधेर धनमाल, रुपैयाँ र गरगहना लूटपाट गरेको सोनीले बताए । पीडित परिवारका अनुसार डकैती गर्न आएको उक्त डाँकाको समूहका १५ जना घरभित्र छिरेको र १० जना बाहिर बसेर पहरा दिएका थिए । पीडित सोनीले भने, 'हामी घरमा दुई बालिका, तीन बालकसहित ८ जना थियौं, हुलहुज्जत सहित आएका डाँकाहरुले हातखुट्टा बाँधेर लूटपाट गर्दा हामीले एकोहोरो हेर्नु सिवाय केही गर्न सक्ने अवस्था थिएन । तर, उनीहरुले परिवारका कुनै सदस्यलाई कुटपिट गरेनन् ।' यता जिल्ला प्रहरी बाँकेले घटनाको बारेमा जानकारी पाए पश्चात् लुटपाटमा संलग्न डाँकाहरुको खोज तलासको अपरेसन चलाइसकेको जनाएको छ । उक्त घटनाको विस्तृत अनुसन्धान सुरु गरिसकेको जिल्ला प्रहरीले बाँकेले जनाएको छ ।

## सबै...

सोही अनुसार बुधबार पनि कर्मचारीहरुले दुबै अस्पतालमा आपतकालिन सेवाकक्ष बाहेक सबै काम ठप्प पारेका छन् । कर्मचारीहरुले निरन्तर आन्दोलन गरिरहदा पनि अस्पताल प्रशासनले कुनै सुनुवाई गरेको छैन । बरु संस्था घाटामा रहेकाले सुविधा बढाउन नसकिने बताउदै आएको छ । व्यवस्थापन पक्षले मंगलबार नै नेपालगञ्जमा पत्रकार सम्मेलन गरेर कर्मचारीहरुले उठाएको मुख्य माग तलब वृद्धि गर्न नसकिने प्रष्ट पारेको थियो । कलेजका सिइओ सन्तोष कुमार बिएनले कर्मचारीहरुको तलब, भत्ता वृद्धि लगायतका मागहरुको बारेमा आगामी २०८२ सालको साउन देखि कम्पनीको आर्थिक अवस्थालाई हेरी दुबै पक्षको सहमतीमा वृद्धि गर्न सकिने बताए । उनले नेपाल सरकारले तोकेको र कम्पनीको आर्थिक क्षमता अनुसार नै कर्मचारीहरुलाई तलब लगायतका सुविधा दिइरहेको बताउँदै अस्पताल जस्तो संवेदनशील संस्थामा जनसेवालाई प्रतिकुल हुने गरी कामकाज ठप्प पार्नु गलत भएको र यस्तो नगर्न कर्मचारीलाई अनुरोध समेत पत्रकार सम्मेलनमा बताए । सिइओ बिएनले भने, 'हामी र्कचारीहरुको तलब, भत्ता लगायत सेवा सुविधाको बारेमा अत्यन्तै सजक र संवेदनशील छौं । कर्मचारीहरु पनि स्वास्थ्य सेवा प्रदान गर्ने संस्थामा काम काज ठप्प पार्न हुँदैन, यो संवेदनशील संस्था हो भन्ने कुरा बुझिदिनु उपयुक्त हुन्छ ।' त्यस्तै कलेजका एचआर प्रमुख श्याम कुमार शर्माले अस्पताल जस्तो संवेदनशील क्षेत्रमा अवरोध र विरोध गर्न उचित नरहेको र यस्तो कार्य मानवता विरोधी समेत रहेकाले यस्तो कार्यक्रम नगरी आफ्ना बन्दका कार्यक्रमहरु सबै फिर्ता लिन कर्मचारीहरुलाई आग्रह गरे । स्वास्थ्य सेवा प्रदान गर्ने कार्य बन्द हुँदा कोहलपुर र नेपालगञ्ज दुबै अस्पतालमा गरी दैनिक करिब ८ सय बिरामीहरु सेवाबाट बन्चित हुनु परिरहेको बताइन्छ । यता आन्दोलनरत कर्मचारीले आफ्ना मागको सुनुवाइ नभएसम्म आन्दोलन नरोकिने चेतावनी दिइरहेका छन् । आन्दोलनकारी दुई दिनअघि नेपालगन्जमा आएका स्वास्थ्यमन्त्री प्रदीप पौडेललाई भेटेर ज्ञापनपत्र बुझाएका थिए । उक्त भेटमा स्वास्थ्य मन्त्री पौडेलले आफ्ना राख्दा संस्था नै बन्द नगर्न सुझाव दिदै आफूले पनि मागका विषयमा पहल गर्ने आश्वासन दिएका थिए ।

# बोक्सीको आरोपमा महिला कुट्ने ४ जना पक्राउ

नमस्ते समचारदाता

कैलाली, पुष/१०



कैलालीमा कथित बोक्सीको आरोप लगाएर २६ वर्षीया महिलामाथि निर्घात कुटपिट गर्ने ४ जना पक्राउ परेका छन् । बोक्सीको आरोप लगाएर भजनी नगरपालिका-१ बौनियाकी ती महिला माथि कुटपिट गर्ने ४ जनालाई प्रहरीले नियन्त्रणमा लिएको हो । पक्राउ पर्नेमा भजनी-१ बौनियाकै २७ वर्षीय मनोज चौधरी, ५१ वर्षीय बाबुराम चौधरी, ४५ वर्षीय लहानु चौधरी र ३५ वर्षीया रुपा चौधरी छन् । पीडितले ६ जना विरुद्ध किटानी जाहेरी दिएकी थिइन् । इलाका प्रहरी कार्यालय भजनीका प्रहरी निरीक्षक युवन चौधरीका अनुसार फरार २ जनाको खोजी भइरहेको छ । यही पुस ४ गते ती महिलामाथि बोक्सीको आरोपमा आफ्नै घरमा कुटपिट भएको थियो । कुटपिटमा संलग्न उनकै नातेदार पर्छन् । प्रहरी निरीक्षक चौधरीका अनुसार अर्को दिन पीडितले प्रहरीमा जाहेरी दिएकी थिइन् । कुटपिटबाट महिलाको शरीरमा निलडाम छन् । घटनापछि महिलालाई उपचारका लागि भजनी अस्पताल लगिएको थियो । त्यहाँबाट रेफर गरिएकी पीडित महिलाको अहिले धनगढीको नवजीवन अस्पतालमा उपचार भइरहेको छ । पक्राउ परेका ४ जनाविरुद्ध पहिलो पटक ५ र दोस्रो पटक १० दिनको म्याद थप गरेर अनुसन्धान भइरहेको छ । 'बोक्सीको आरोपमा घरमै कुटपिट गरेको जाहेरी परेको छ, किटानीपछि ४ जनालाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेका छौं,' प्रहरी निरीक्षक चौधरीले भने ।

# लुम्बिनीका पहाडी जिल्लालाई कफी हब बनाउने बारेमा छलफल

नमस्ते समचारदाता

प्यूठान, पुष/१०



लुम्बिनी प्रदेश सरकारले पहाडी जिल्लालाई कफी हबको रुपमा विकास गर्न पहल सुरु गरेको छ । प्यूठानको सरुमारानी गाउँपालिका बडडाँडामा रहेको चिया तथा कफी विकास कार्यालय, स्थानीय जनप्रतिनिधि तथा किसानहरुसँग प्रदेशका पहाडी जिल्लाहरुमा कफी खेतीको सम्भावना धेरै भएकाले कफी हब बनाउने बारेमा बुधबार छलफल गरिएको हो । कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री दिनेश पन्थी, मुख्यमन्त्रीका जनसम्पर्क सल्लाहकार डा. रामबहादुर राउत लगायतले सरुमारानी गाउँपालिकाका अध्यक्ष झगबहादुर विश्वकर्मा, उपाध्यक्ष बसन्ता खड्का, कफी विकास वोर्डका प्रमुख चन्द्रप्रकाश बस्नेत र स्थानीय किसानसँग छलफल गरेका छन् । कफि खेतीबाट किसानले राम्रो आम्दानी लिन सक्ने, यसको उत्पादन बढाउन सके अन्तर्राष्ट्रिय बजार पनि राम्रो भएकाले यसमा किसानलाई अनिवार्य जोड्ने बारेमा पहल गरिएको हो । सरुमारानी गाउँपालिकाका अध्यक्ष झगबहादुर विश्वकर्माले आफ्नो पालिका दलहनबाली र मह उत्पादनको हवको रुपमा रहेको र अझ गुण स्तरीय उत्पादनका लागि प्रदेश सरकारको साथ सहयोग चाहिएको बताए । चिया तथा कफी विकास कार्यालय बडडाँडाका प्रमुख चन्द्रप्रकाश बस्नेतले लुम्बिनी, कर्णाली र सुदूर पश्चिम तीन वटा प्रदेश हेर्नेगरी २०७२ सालमा कार्यालय स्थापना भएको जानकारी दिए । बजेट र जनशक्ति अभाव भोग्नुपरेको समस्या राख्दै कफि खेती बिस्तारका लागि प्रदेश र स्थानीय सरकारको साथ आवश्यक पर्ने बताए । पहाडी जिल्लाहरुमा कफी खेतीको सम्भावना रहेको र प्रदेश सरकारले यसका लागि पहल लिने कृषिमन्त्री दिनेश पन्थीले बताए । मुख्यमन्त्रीका जनसम्पर्क सल्लाहकार डा.रामबहादुर राउतले कफी वोर्डको कार्यालय प्यूठानमा रहेको र त्यसले तीन वटा प्रदेश हेर्ने भएकाले कफी खेतीलाई लुम्बिनी प्रदेशका जिल्लाहरुमा विस्तार गर्ने बारेमा छलफल सकारात्मक भएको बताए ।




नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

# रोजगारी गुमेपछि विदेश पलायन

■ नमस्ते समचारदाता
कालीकोट, पुष/१०



स्थानीय तह निर्माण हुँदा घरआँगनकै सरकारमा सिप अनुसारको रोजगारी पाइन्छ भनी आस गर्ने युवा यतिखेर विदेश पलायन हुन बाध्य भएका छन् । रास्कोट नगरपालिका -३ का जग्गबहादुर फडेरा तत्कालीन नेकपा (माओवादी) का लडाकु हुनुहुन्थ्यो । माओवादी शान्ति प्रक्रियामा आएसँगै उहाँ वाइसिएलमा जानुभयो । त्यतिबेला पूर्व लडाकुलाई वाइसिएलमा राखेर गाउँका युवालाई जनसेनामा भर्ती गरिएको दाबी गरिएको छ। तिनै पूर्वलडाकु अहिले भारतका विभिन्न क्षेत्रमा रोजगारीका लागि भौँतारिइरहेका पाइन्छ। उहाँले छोराको पढाइ र घरखर्च धान्न भारतमा रोजगारी गर्नु परेको बताउनुभयो। उहाँले स्थानीय निर्वाचनदेखि हरेक निर्वाचनमा आफ्नो दललाई जिताउन रातदिन नभनी खटे तर विजय भएकाहरूले आफन्तलाई अवसर दिन थालेपछि आफू बाध्य भएर भारत पस्नु परेको दुःखेसो पोख्नुभयो । फडेरा जस्तै रास्कोटका सयौँ युवा अहिले कोही भारत त कोही तेस्रो मुलुक खाडी पुगेका छन् । निवर्तमान नगरप्रमुख काशीचन्द बरालले श्रमको विकास गर्न २६० सदस्य रहेको श्रम रोजगार बैङ्क स्थापना गर्नुभएको थियो । त्यहाँ सबै दलमा आस्था राख्ने खास गरेर दुःख गर्न सक्ने युवा, पारिवारिक अवस्था कमजोर भएका व्यक्ति सदस्य थिए। उनीहरू नगरका हरेक विकासे काममा सहभागी हुने र मासिक २५ हजारदेखि ४० हजार रुपियाँसम्म पारिश्रामिक बुझ्ने गरेका थिए। एकातिर युवालाई रोजगारी र अर्कातिर श्रम शक्ति सञ्चित गर्ने उद्देश्य थियो।

# ज्येष्ठ नागरिकको उपचार निःशुल्क



■ नमस्ते समचारदाता
डडेलधुरा, पुष/१०

परशुराम नगरपालिकाले ज्येष्ठ नागरिकको निःशुल्क उपचार गर्ने योजना ल्याएको छ। विगतमा स्वास्थ्य बिमामार्फत हुने उपचारले आर्थिक रूपमा केही सहज बनाए पनि उक्त प्रक्रियामा जाँदा ज्येष्ठ नागरिकलाई झन्झटिलो हुने गरेको थियो। परशुराम नगरपालिकाको मुकाम वडा नम्बर १२ को लालढुङ्गा बजारमा रहेको जोगबुडा अस्पतालबाट अब ज्येष्ठ नागरिकको स्वास्थ्य उपचार निःशुल्क गर्ने परशुराम नगरपालिकाका नगरप्रमुख भरत बडायर जोशीले जानकारी दिनुभयो। परशुराम नगरपालिका-३, शीर्षकमा नगरपालिकाले आयोजना गरेको मेयर केयर स्वास्थ्य विशेषज्ञ शिविर कार्यक्रममा नगरप्रमुख जोशीले ज्येष्ठ नागरिकको उपचार निःशुल्क गर्ने गरेर योजना अघि बढाएको बताउनुभयो। मेयर केयर योजना अनुसार परशुराम नगरपालिकाले प्रत्येक वडा कार्यालयमा एमबिबिएस चिकित्सकको उपस्थितिमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्दै आइरहेको छ। नागरिकको स्वास्थ्य सुरक्षाको जिम्मेवारी नगर सरकारको हो। नगरप्रमुख जोशीले भन्नुभयो, "सोही अनुरूप हरेक महिनाको पहिलो सोमबार जोगबुढा अस्पतालबाट विशेषज्ञ डाक्टर सहितको टोली आउने र नागरिकको स्वास्थ्य परीक्षण गरिँदै आएको छ।" यससँगै परशुराम नगरपालिकाले प्रत्येक विद्यालयमा विद्यार्थीको स्वास्थ्य परीक्षणसमेत गर्दै आइरहेको छ। आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रममा विद्यार्थी स्वास्थ्य प्रोफाइल राखिएको छ। सोही कार्यक्रम अनुरूप यहाँका सबै विद्यालयका विद्यार्थीको स्वास्थ्य परीक्षण गरेर अद्यावधिक गर्न लागिपरेको परशुराम नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख हिक्मत धामीले बताउनुभयो। सोमबार नै वडा नम्बर ३ का योजना वडामै सम्झौता गरिएका छन्। परशुराम नगरपालिकाले वडा कार्यालयमा एकीकृत शिविरको आयोजना गर्दै वडा कार्यालयमै योजनाको सम्झौता र बैङ्क खाता खोल्दै आइरहेको छ। चालु आवमा उपभोक्ता समितिमार्फत सम्पन्न गरिने योजनाको वडामै सम्झौता र भुक्तानी गर्ने नीति अनुरूप कार्यक्रमको सुरुवात गरिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कल्पना भट्टले बताउनुभयो। उहाँका अनुसार यसअघि वडा नम्बर १०, ११, ८, ९, १, २, ६ मा एकीकृत शिविरको आयोजना गरेर योजनाका सम्झौता र बैङ्क खाता खोलिएका थिए। यस वर्षदेखि भुक्तानीसमेत वडाबाटै गरिने छ भने सामाजिक सुरक्षा भत्तासमेत वडा कार्यालयबाटै वितरणका लागि तयारी गरिएको छ। विकट भुगोल, दुर्गम बस्ती र ग्रामीण कच्ची सडकको असुरक्षालाई महसुस गरेर वडा कार्यालयमै शिविरको आयोजना गरेर योजनाको सम्झौता, भुक्तानी, स्वास्थ्य चेकजाँच, उपचार गर्ने कामको सुरुवात गरिएको र अब भुक्तानी तथा सामाजिक सुरक्षा भत्तासमेत वडामै गर्ने तयारी गरेको उहाले बताउनुभयो।

# कठ्याङ्ग्रिँदै भूकम्पपीडित

■ नमस्ते समचारदाता
जाजरकोट, पुष/१०



जाजरकोट केन्द्रविन्दु भएर २०८० कात्तिकमा गएको भूकम्पका कारण घरबारविहीन भएका रुकुमपश्चिम, जाजरकोट र सल्यानका हजारौँ बासिन्दा अझै टहरामा बस्न बाध्य छन् । अघिल्लो वर्ष त्रिपाल र अस्थायी आवास (टहरा) मा कठ्याङ्ग्रिँदो चिसो खेप्न बाध्य भूकम्पपीडितले यस वर्ष पनि अस्थायी टहरामै हिँउद कटाउनुपर्ने अवस्था रहेको गुनासो भइरहेको छ। अघिल्लो हिउँदको चिसो, वर्षाको झरी तथा असिनापानी र हावाहुरीका कारण कष्टपूर्ण दैनिकी बिताएका भूकम्पपीडितले यो हिउँद पनि टहरामै बित्ने भयो भन्दै चिन्ता गरेका छन्। चौरजहारी नगरपालिका-१ का भूकम्पपीडित जनक लामिछानेले सरकारले बेलैमा पुनर्निर्माणको कार्य सम्पन्न नगरेकाले यो हिउँद पनि टहरामै बिताउनुपर्ने गुनासो गर्नुभयो। सरकारले त्यतिबेला चाँडै नै पुनर्निर्माण सुरु गर्ने आश्वासन दिएको तर वर्ष दिन बित्दा पनि प्रभावित टहरामा बस्न बाध्य भएका उहाँले बताउनुभयो। हिउँदमा त्रिपालमुनि र जस्तापाताको टहरामा आश्रय लिएका पीडितले गर्मी र वर्षाका बेला टहरामा छटपटीपूर्ण दैनिकी बिताएको उल्लेख गरेका छन्। आठबिसकोट नगरपालिकाका प्रमुख रवि केसीले भूकम्पीडितलाई सङ्घीय सरकारले बेवास्ता गरेको गुनासो गर्दै पुनर्निर्माणका लागि कार्यविधि नै आउन नसकेको बताउनुभयो। उहाँले प्रभावितको जनजीवन निकै कमजोर बन्दै गएकाले यसतर्फ सिङ्गो राज्य गम्भीर हुनुपर्ने उल्लेख गर्नुभयो। नगरप्रमुख केसीले भन्नुभयो, "यो हिउँद पनि टहरामै जाने भयो। टहरामा अत्यधिक चिसो हुने, शीत चुहिने भएकाले बिरामी हुने अर्को डर रहेको छ।" उहाँले बालबालिका, दीर्घरोगी र ज्येष्ठ नागरिकको स्वास्थ्य अवस्था चिन्ताजनक रहेको उल्लेख गर्नुभयो। रुकुमपश्चिममा लाभग्राही कायम भएका दुई हजार दुई जनाले अस्थायी टहरा निर्माणका लागि सरकारले दिने भनेको पहिलो किस्ताको अनुदान रकम पाउन सकेका छैनन् । लाभग्राही कायम भएका ३२ हजार ९९६ जनामध्ये १६ हजारका लागि मात्र दोस्रो किस्ताको रकम निकासा भएको छ। अस्थायी टहराको रकम नै नपाएपछि पुनर्निर्माणका लागि सरकारले गर्ने भनिएको सहयोगप्रति प्रभावित नै सशङ्कित छन्। जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी एवं सहायक प्रमुख जिल्ला अधिकारी विनोद रेग्मीले अस्थायी आवास निर्माणको पूरा रकम राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा माग गरिएको बताउनुभयो। दोस्रो किस्ताका लागि ४० करोड रुपियाँको टिप्पणी उठिसकेको जानकारी प्राधिकरणले दिएकाले अब चाँडै रकम निकासा हुने आश्वासन पाएको उहाँले बताउनुभयो। यसका साथै पुनर्निर्माणका बारेमा समेत प्रशासन कार्यालय र जिल्ला विपत् व्यवस्थापन समितिका तर्फबाट बारम्बार पत्राचार गर्ने गरिएको छ। सहायक प्रमुख जिल्ला अधिकारी रेग्मीले कार्यविधि मन्त्रीपरिषद्मा पेस भइसकेको र पास हुनेबित्तिकै पुनर्निर्माणसञ्चालन हुने जानकारी पाएको उल्लेख गर्नुभयो।

# ट्रक दुर्घटना हुँदा चालकसहित दुई घाइते

■ नमस्ते समचारदाता
रुकुमपश्चिम, पुष/१०

राप्ती राजमार्ग अन्तर्गत रुकुमपश्चिमको त्रिवेणी गाउँपालिका -६ गणेशमोड नजिक काप्रोपानीमा मालबाहक मिनी ट्रक दुर्घटना भएको छ। ट्रक दुर्घटनामा परेर दुई जना घाइते भएका छन्। दाङको तुल्सीपुरबाट रुकुमपश्चिमको मुसीकोट नगरपालिका -४ सोलाबाङतर्फ आउँदै गरेको लु २ ख ४१६४ नम्बरको ट्रक बुधबार बिहान काप्रोपानीमा दुर्घटना भएको हो । जिल्ला प्रहरी कार्यालय रुकुमपश्चिमका सूचना अधिकारी प्रहरी निरीक्षक ऋषि पाठकले दुर्घटनामा परेर ट्रकचालक र सहचालक घाइते भएको जानकारी दिनुभयो। घाइते हुनेमा सल्यानको त्रिवेणी गाउँपालिका -६ लुहामका २८ वर्षीय चालक जनक केसी र रोल्पाको गङ्गादेव गाउँपालिका -३ का २६ वर्षीय सहचालक डिल्ली ओली रहेको प्रहरीले जनाएको छ। घाइते चालकको अवस्था गम्भीर रहेको छ। चालक केसीलाई त्रिवेणी गाउँपालिका अस्पतालमा सामान्य उपचारपछि थप उपचारका लागि नेपालगञ्ज रेफर गरिएको छ। चालकको टाउकोमा गम्भीर चोट लागेको छ। सहचालक ओलीको ढाड र खुट्टामा चोट लागेको छ। ओरालो सडकमा तीव्र गति रहेको ट्रकको इस्टेरिङ फेल हुँदा दुर्घटना भएको प्रहरीले जनाएको छ। ट्रक सडकबाट करिब १५० मिटर तल खसेको छ। ट्रकमा चालक र सहचालक मात्र रहेका थिए। ट्रक दुर्घटना हुँदा लाखौ मूल्य बराबर को सामानमा क्षति पुगेको छ।


## गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

खार्पुनाथ गाउँपालिका
हुम्ला


नमस्ते कर्णाली Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखाःसुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेलः namastekarnali1@gmail.com मुद्रणः गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके